**Voice : A Biannual & Bilingual Journal**
*2023 August, Vol : 15, No. 1, pp.108-116*

# सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूले दिएको सन्देश

हरि प्रसाद तिमिल्सिना[1]

Article History: Received: June 20, 2023 Reviewed : July 13, 2023 Accepted: August 8, 2023

**सारसङ्क्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित खण्डकाव्यहरूले दिएको सन्देशको अध्ययनमा केन्द्रित छ । वर्णनात्मक एवं वर्णान्तमक अनुसन्धान ढाँचालाई आत्मसाथ गरी यस लेखमा श्रेष्ठका उर्वशी, ज्यानमारा शैल, मङ्गलमान, आँसु, जुनकिरी, भीमसेन थापा, आत्म बिलौना, कान्तिमती र युद्ध र शान्ति नौ वटा खण्डकाव्यले दिएको सन्देश र त्यसका सकारात्मक पक्षहरूलाई उपलब्धीको रुपमा ग्रहण गरिएको छ । श्रेष्ठका खण्डकाव्यहरू पूर्वीय काव्यशास्त्रीय मान्यताका आधारमा सिर्जत भएका शास्त्रीय वार्णिक छन्द, मात्रिक छन्द, झ्याउरे र लोकलयलाई अँगाली लेखिएका छन् । कृतिभित्रको विषयवस्तुले तत्कालीन नेपाली समाजका आर्थिक सामाजिक, सांस्कृतिक, धार्मिक एवं जातीय छुवाछुत जस्ता कुरालाई उठाएको छ । कृतिहरूमा देशमा रोजगारीको अभावमा विदेश जानुपर्ने र विदेशमै ज्यान गुमाउनुपर्ने अवस्था र नेपाली कठिन परिश्रमी जीवन र उद्देश्यप्रति तल्लीन भएर लाग्नुपर्ने जस्ता विशिष्ट सन्देशहरू दिइएको छ । स्वच्छन्दतावादी काव्यधाराका खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठका स्वतस्फूर्त अभिव्यक्तिहरूका देशभक्ति, प्रकृतिको मन्मय चित्रण, जनजीवीका र शोषणउत्पीडनको अन्त्य र सामाजिक न्यायको प्राप्ति सहित सामाजिक परिवर्तनको आग्रह उनका खण्डकाव्यहरूको मूल स्वर वा सन्देश हुन् भन्ने कुराको सन्धान गरिएको छ ।)

शब्दकुञ्ज्जी : उर्वशी, स्वच्छन्दतावाद, यथार्थ, अध्यात्मवादी, हिन्दु दर्शन आदि ।

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : timilsina119@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषय प्रवेश**

सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९) नेपाली स्वच्छन्दतावादी कविताधाराका सहप्रवर्तक र विशिष्ट प्रतिभा हुन् । १९९० मा भुइँचालो कविता गोरखापत्रमा प्रकाशित गरी औपचारिक साहित्यिक यात्रा थलनी गरेका श्रेष्ठको खण्डकाव्य लेखनको प्रयास (जुवा १९८७ र विश्वव्यथा १९९६) पछि १९९७ मा सर्वस्व हरण सहित जेल परेपछि १९९७ मा उर्वशी खण्डकाव्यको लेखनबाट खण्डकाव्ययात्राको थालनी भएको हो ।

२०१७ सालमा प्रकाशित 'उर्वशी' श्रेष्ठको प्रथम र सर्वोत्कृष्ट खण्डकाव्यको गरिमा प्राप्त गर्न सफल भएको छ । १९९८ मा जेलमै नेपालीमा 'जुनकिरी' २०५९ सालमा प्रकाशित भएको देखिन्छ । 'उर्वशी' (२०१७), 'ज्यानमारा शैल' (२०३९, पुस्तकाकार रुपमा २०६७), 'मङ्गलमान' (२०४९) 'आँसु' (२०५०), 'जुनकिरी' (२०५९), 'भीमसेन थापा' (२०६०), 'अत्मबिलौना' (२०६३), 'कान्तिमती' (२०७२) र 'युद्ध र शान्ति' (२०७४) गरी सिद्धिचरण श्रेष्ठका नौ वटा खण्डकाव्यहरू प्रकाशित छन् । एउटा प्रारम्भ गर्ने र त्यो पूर्ण नगरी अर्को थालनी गर्ने प्रवृत्तिका कारण खण्डकाव्यहरू समयमा पूर्ण नहुने र प्रकाशनमा समेत ढिलाइ भएको देखिन्छ । श्रेष्ठ विभिन्न सामाजिक सङ्घसंस्था हुँदै पत्रिकाको सम्पादक र पत्रकार व्यक्तित्वका रुपमा समेत रहेका थिए । उनी नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य र आजीवन सदस्य र राजसभा स्थायी समितिका सदस्य समेत रहेका थिए । उनले त्रिभुवन पुरस्कार र वृथ्वी पुरस्कार तथा गोरखा दक्षिणबाहु र त्रिशक्तिपट्टसम्म प्राप्त गरेका छन् ।

श्रेष्ठका नौ वटा खण्डकाव्यहरूमा उर्वशीमा भोग र त्याग एवं कर्तव्यको उल्लेख महत्त्वपूर्ण छ । महाभारतको पौराणिक प्रसङ्गलाई लिएर आफू जेलमा रहे पनि आफ्नो प्रजातन्त्र प्राप्तिको लडाइँमा लागिरहने कुरालाई मध्यरातमा आफ्नो ओछ्यानमा आइपुगेकी अर्धनग्न चिरयौवना उर्वशीलाई परित्याग गर्ने अर्जुनका तादात्म्यमा प्रस्तुत गरेको भन्न सकिन्छ । उनको ज्यानमारा शैल खण्डकाव्य जातीय विभेदको पराकाष्टाले शैल र उमाको जीवन बर्बाद भएको देखाइएको छ । मङ्गलमान तत्कालीन सामान्ती शासन प्रणालीभित्रको शोषण, उत्पीडन र सामाजिक न्याय प्राप्तिको लडाइँको ज्वलन्त उदाहरण हो । आँसुमा प्रजातन्त्र प्राप्तिपछि पनि जनतामा कुनै परिवर्तन र यथास्थितिमा सुधार हुन नसकेकोप्रति श्रेष्ठको असन्तुष्टि र निराशा आँसुका रुपमा आएको भने जुनकिरी पनि जातीय धनी गरिबको विभेदले सिर्जित समस्यामा केन्द्रित छ । भीमसेन थापामा नेपालका शक्तिशाली प्रधानमन्त्री भीमसेन थापा सेरिएर बेवारिसे अवस्थामा नौ दिनसम्म विष्णुमती किनारमा फ्याँकिएको कारुणिक चित्रण भएको खण्डकाव्य हो । आत्मबिलौना उनको बाल्यकालदेखि मष्तिष्कमा छाप परेको हिन्दु धार्मिक आध्यात्मिक चिन्तनको अभिव्यक्ति स्वरुप संसारका पदप्रतिष्ठा, धनदौलत, विषयवासना क्षणिक भएको भन्दै आफूभित्रको वैराग्य चेतको अभिव्यक्ति हो । कान्तिमती नेपालको शाहवंशीय ऐतिहासिक विषयवस्तुमा आधारित करुणरस प्रधान वियोगान्त खण्डकाव्य हो । यसमा रणबहादुर र कान्तिमतीको प्रेम र वियोगको कथा प्रस्तुत गरिएको छ । युद्ध र शान्तिले मुनामदन जस्तै देश छोडेर आर्थिक उपार्जनका लागि विदेशिनु पर्ने अवस्था देशमा रोजगारी नभएको र विदेशमै प्राण गुमाई परिवारको विचल्लि हुने अवस्थाले वर्तमान समयलाई समेत प्रतिबिम्बित गरेको छ ।

**अध्ययन विधि**

सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूले दिएका सन्देशहरूलाई यहाँ उल्लेख गरिएको छ । उनका नौ वटै खण्डकाव्यको खण्डकाव्यतत्त्वका आधारमा एउटा लेखमा प्रस्तुत गर्नु सम्भव नभएकाले सन्देशलाई मात्र प्रस्तुत गरी उनका खण्डकाव्यहरूको सन्देशको जानकारी दिने प्रयास गरिएको छ । उनका नौ वटा खण्डकाव्यहरू प्राथमिक सामग्रीका रुपमा रहेका छन् भने श्रेष्ठका खण्डकाव्यहरूसँग सम्बन्धित सामग्रीहरू द्वितीयक सामग्रीका रुपमा प्रयोग गरिएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । कृतिबाट प्राप्त सन्देशको विश्लेषण गर्न वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

**अनुसन्धानात्मक ढाँचा**

अनुसन्धानका क्रममा गुणात्मक र परिमाणात्मक दुई वटा ढाँचाहरू प्रयोग गर्ने गरिन्छ । साहित्यिक कृतिको अनुसन्धानात्मक विश्लेषणमा गुणात्मक ढाँचा प्रयोग गर्नु बढी उपयुक्त हुन्छ । अतः गुणात्मक ढाँचाको अङ्गीकार गरी असाङ्ख्यिक तथ्यहरूलाई विश्लेषण गरी निष्कर्षमा पुऱ्याउने गुणात्मक ढाँचामा सामान्यतः शाब्दिक रुपमा असाङ्ख्यिक तत्त्वहरूको सङ्कलन गरिन्छ । यहाँ श्रेष्ठका नौ वटा कृतिहरूको सन्देशको अध्ययन गर्न नौ वटा खण्डकाव्यहरूको लिखित दस्तावेज मानी विश्लेषण विधिका प्रयोग गरी अध्ययन गरिएको छ  ।

**जनसङ्ख्या र नमुना छनौट**

सिद्धिचरण श्रेष्ठद्वारा लिखित नौ वटा खण्डकाव्यहरूमा केन्द्रित रही यो अनुसन्धानमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा प्रकाशित श्रेष्ठका खण्डकाव्यसित सम्बन्धित अन्य सामग्रीहरू समेतको उपयोग गरिए पनि मूलतः श्रेष्ठका नौ वटा खण्डकाव्यहरूलाई जनसङ्ख्याका रुपमा लिई स्वदेश्यमूलक नमुना छनौट पद्धतिलाई अनुशरण गरी प्रयोग गरिएको छ ।

**तथ्याङ्क सङ्कलन र विश्लेषण**

यस अनुसन्धानलाई प्रामाणिक र उद्देश्यमूलक बनाउन श्रेष्ठका नौ वटा खण्डकाव्य कृतिहरू र कृतिभित्रको परिधीय खण्डका समीक्षात्मक टिप्पणीहरूलाई समेत लिई अन्य लेख र कोशहरू समेतलाई आधार बनाई तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्यहरूलाई तुलनात्मक सत्यापन र पुष्टिका लागि उदाहरण समेत वर्णन र विश्लेषण गरी निष्कर्षमा पुऱ्याइएको छ । तथ्याङ्कको विश्लेषणमा आगमन विधिको प्रयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

हरेक रचनाहरूले कुनै न कुनै सैद्धान्तिक आधारलाई ग्रहण गर्दा गन्तब्यमा पुग्न सहज हुन्छ । अतः यस अनुसन्धानात्मक लेखमा श्रेष्ठका खण्डकाव्यात्मक कृतिहरूको सन्देशमूलक प्राप्तिको अनुसन्धानात्मक लेख तयार गर्दा यथार्थवादी, आलोचनात्मक यथार्थवादी, स्वच्छन्दतावादी सैद्धान्तिक आधारहरूलाई अनुशरण गरिएको छ । पूर्वीय काव्यशास्त्रीय मान्यता र पाश्चात्य साहित्यिकवादहरूका सैद्धान्तिक कसीमा यस अनुसन्धानात्मक लेखको तयारी गरिएको छ ।

**छलफल र विश्लेषण**

सिद्धिचरण श्रेष्ठका खण्डकाव्यात्मक नौ वटा कृतिहरूमा उर्वशी दुई अध्यायमा उपयुक्त आयाममा, ज्यानमारा शैल अध्यायविहीन लघु आयाममा, मङ्गलमान लामा छोटा सर्गहरूको प्रयोग गरी लेखिएको मध्यम आयाममा संरचित छ । आँसु कोषकाव्यात्मक ढाँचाको सर्गविहीन एकालापयुक्त संवादमा आधारित छ भने जुनकिरी सर्गका रुपमा उच्छ्वासको प्रयोग गरी रचित मध्यम आयामको खण्डकाव्य हो । भीमसेन थापाले पनि मध्यम आयामको स्वरुप ग्रहण गरेको छ भने आत्मबिलौना कविको एकालापयुक्त संवादमा आधारित लघु आयामको खण्डकाव्य हो । कान्तिमती र युद्ध र शान्तिले उपयुक्त आयाम ग्रहण गरेका छन् । यी खण्डकाव्यहरूको तथ्यगत मापन र समग्र संरचना स्वरुपमो विश्लेषण गर्नु सम्भव यस अनुसन्धानमा नभएकाले यसको उद्देश्य पनि नभएकाले सङ्क्षेपमा उल्लेख गरिएको छ ।

**सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूले दिएको सन्देश**

**उर्वशी खण्डकाव्यको सन्देश**

जेलको सङ्कुचित र उकुसमुकुस वातावरणमा वि.सं. १९९७ सालमा रचना गरिएको र २० वर्ष पछि २०१७ सालको बडा दसैंमा उपसंहार शीर्षक थपी प्रकाशन गरिएको खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्य श्रेष्ठका खण्डकाव्यहरूमध्ये पहिलो र मानक खण्डकाव्य हो । व्यासकृत महाभारत वन पर्वको ३७-४६ अध्यायको उर्वशी र अर्जुन प्रसङ्गको पौराणिक कथावस्तुलाई कवि कल्पनाद्वारा मौलिकता प्रदान गरी यस खण्डकाव्यको रचना गरिएको छ । झिनो आख्यानको प्रयोग भएको यस कृतिमा उर्वशी र अर्जुन दुई प्रमुख पात्र रहेका छन् । अर्जुन स्थिर पात्र हो भने उर्वशी गतिशील पात्र हो । दुवै व्यक्तिगत पात्र हुन् । दानव र दैत्य, नन्दन वनमा अर्जुनको सम्मानमा उपस्थित देवताहरू, नर्तकीहरू प्रसङ्ग अनुसार आएका गौण पात्रहरू हुन् । त्यसैले कम पात्र दुई जना मात्र रहेको

यस कृतिमा विशेषगरी स्वर्गको नन्दन वनको सुन्दर प्राकृतिक परिवेश रहेको छ । पृथ्वीबाट स्वर्गमा शक्ति आर्जन गर्न अर्जुन पुगेको स्वैरकल्पनात्मकताले यसको परिवेशलाई जीवन्त बनाएको छ ।

सूक्ष्म आख्यानको प्रयोगमा पात्रहरूका अन्तर्द्वन्द्वको सशक्त प्रयोग भएको यस कृतिमा मूल खण्ड र उपसंहार गरी दुई खण्ड रहेका छन्, तर मूल खण्ड भनिएको छैन । शीर्षक विहीन रूपमा खण्डकाव्यको प्रारम्भ गरिएको छ, तर विषयवस्तु र कथानकका आधारमा उपसंहार अगाडिको खण्डलाई मूल खण्ड मानिएको हो । चिरयौवना उर्वशीको अतृप्त कामवासनाको चरम अवस्था र आफ्नो लक्ष्य प्राप्तिमा तल्लीन अर्जुनबिचको त्यागको वा राग र विरागलाई प्रस्तुत गरी कविले आफू राष्ट्रमुक्तिको पवित्र उद्देश्यका लागि जेल परेकोले अर्जुन जस्तै लक्ष्य प्राप्तिमा उर्वशी जस्ता क्षणिक स्वार्थमा रुमलिन नहुने कविको विचार देखाइएको छ ।

उर्वशी खण्डकाव्यमा रति स्थायीभाव भएको शृङ्गाररस केन्द्रीय, मुख्य वा अङ्गीरस बनेको छ । प्रसङ्गानुसार आएका उपर्युक्त अन्य रसहरूले शृङ्गाररसलाई नै विकसित तुल्याउन सहयोग गरेका छन् । उर्वशीमा देखिएका विभिन्न भावहरू उद्‌बुद्ध भई काव्यमा आएको अङ्गीरसलाई विकसित र परिपुष्ट बनाउन मद्दत गरेका छन् । उर्वशी खण्डकाव्यकी नायिका चिरयौवना उर्वशीको अतृप्त काम वासना पूर्तिका लागि गरिएका सबै प्रयास, घटना परिघटनाहरूबाट विकसित सम्भोग शृङ्गार विप्रलम्भ शृङ्गारमा पुगेर शिथिल बनेको छ । अतः उर्वशी खण्डकाव्यमा शृङ्गाररस वा रति भाव नै मुख्य भावभूमिका रूपमा रहेको छ । जीवनमा सधैं सफलता मात्र हासिल गर्न सकिँदैन । असफलतामा निराश नभई कर्मशील बन्नु पर्छ भन्ने निष्काम कर्मवादी दर्शन अन्त्यमा आएको छ ।

**ज्यानमारा शैल खण्डकाव्यको सन्देश**

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठले २०१० सालमा रचना गरी कविता (२०२३) मा र 'पच्चिस वर्षका खण्डकाव्यहरू' (२०३९) नामक ग्रन्थमा सङ्गृहीत र माधव घिमिरेद्वारा सम्पादित ज्यानमारा शैल खण्डकाव्य सामाजिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस खण्डकाव्यको विवेच्य कथावस्तु नेपाली समाजमा व्याप्त जातीय विभेद हो । जातीयताको आधाभूत कथावस्तुमा आर्थिक विभेदलाई सँगै जोडेर उमा र शैल बिचको निश्छल प्रेमप्रणय सफल हुन नसकी वियोगान्त बन्न पुगेको मार्मिक कथावस्तु नेपाली सामाजिक यथार्थवादी धरातलमा टेकेर आएको छ ।

उमा र शैल प्रमुख दुई पात्रहरू रहेको प्रस्तुत खण्डकाव्यको शीर्षक शैलको पलायनवादी सोच र किंकर्तव्यविमुढ अवस्थाको सिकार भएर दुख, पीडा सहेर मृत्युवरण गर्न पुगेकी उमाको ज्यान मार्ने अप्रत्यक्ष वा प्रतीकात्मक अर्थमा शीर्षक सार्थक छ । जात र धनका आडमा आफ्नो प्रेम प्राप्त गर्न बाधक बनेको समाजका विरुद्ध कुनै आबाज उठाउन नसकेको, विद्रोह गर्न नसकेको र नायकको भूमिका निर्वाह गर्न नसकेकोले उमाको जीवन दुखद बनाउने मुख्य कारक देखिएको शैलको नामबाट खण्डकाव्यको ज्यानमारा शैल राखिनु औचित्यपूर्ण छ ।

थोरै पात्र रहेको यस खण्डकाव्यमा वर्गीय वा प्रतिनिधिमूलक पात्रहरूको प्रयोग गरिएको छ । गौण पात्र भएपनि उमाकी आमा परम्परागत सामन्त वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ढाक्रे पनि सूच्य पात्रका रूपमा आएपनि मजदुरी गरी भारी बोकी गुजारा गर्ने निम्न वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । राणा शासन र त्यस अघिदेखि नै जरा गाडेर बसेको उचनिच, जातभात, धनीगरिब, ठुलोसानो जस्ता सामन्ती कुसंस्कारग्रस्त नेपाली समाजको यथार्थ परिवेश आएको छ । सामान्यतः सरल, सुबोध, भाषाशैलीको प्रयोग गरिएको छ । सममात्रा छन्दको प्रयोग गरिएको छ । केही श्लोकहरूमा छन्द भङ्ग भएको छ भने अन्त्यानुप्रासको अनुशासन पालन पनि हुन सकेको छैन । कतिपय श्लोकहरूमा शब्दचयनगत असावधानीका कारण अर्थबोधमा कठिनाइ देखिन्छ । सरल, सुबोध र आलङ्कारिक भाषाको प्रयोग गरिएको छ । उपमा, उत्प्रेक्षा र रूपक अलङ्कारका साथै बिम्बात्मक र प्रतीकात्मक भाषाले काव्यलाई उचाइ प्रदान गरेको छ ।

प्रस्तुत खण्डकाव्यमा करुणरस मुख्य वा अङ्गीरसका रूपमा रहेको छ । प्रारम्भमा शृङ्गाररस र रतिभाव उद्‌बुद्ध भई केही विस्तार पाएपनि खण्डकाव्यको नायक र नायिकाले विवाहको कुरा गर्दा जातीय र आर्थिक असमानताले विवाह नहुने भएपछि घटनाले नयाँ मोड लिएसँगै करुणरसको शोकस्थायीभाव जाग्रत भई विभिन्न घटना परिस्थिति समेत कारुणिक बन्दै करुणरस विकासित हुँदै गएको छ । दाउरेको काम गरी गुजारा गर्दै आएकी

उमा सडकछेउमा अन्त्यावस्थामा शैलले भेटेपछि उमाले प्राण त्याग्नु, उमाकै शरीरमा शैल घोप्टिई प्राण त्याग गरेर वियोगान्त रूपमा खण्डकाव्यको कथावस्तु समाप्त भएको । अतः करुणरस परिपाक अवस्थामा पुगेर सहृदयमा करुणरसको रसाभिव्यक्तिको अवस्था सिर्जना भएको छ ।

**मङ्गलमा खण्डकाव्यको सन्देश**

मङ्गलमान खण्डकाव्य २०१८-२०२० मा रचना भई २०४९ सालमा प्रकाशित भएको हो । यस खण्डकाव्यमा राणाकाल, प्रजातन्त्रकाल र २०१७ सालको परिवर्तन पछिको समय समेतलाई लिएर काठमाडौँ त्यौड टोल बस्ने गणेशमानको छोरा मङ्गलमानले सामाजिक, आर्थिक र राजनीतिक परिवर्तन तथा समतामूलक एवं न्यायपूर्ण समाजको स्थापनाका लागि जीवनभर गरेको सङ्घर्षलाई मुख्य विषयवस्तु बनाइएको ऐतिहासिक क्रान्तिकारी खण्डकाव्य हो । कूल २१ सर्गमा दुई पङ्क्तिका एक श्लोक संरचनामा ४०६ श्लोकको आयाम समेटिएको यस खण्डकाव्यमा मङ्गलमान नामक ऐतिहासिक पात्रको जीवन सङ्घर्ष र समाजका लागि  गरेको समर्पणलाई विभिन्न सर्गमा समेटी प्रस्तुत गरिएको छ । लोक लयको प्रयोग गरिएको उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति र अनुप्रास अलङ्कारहरूको प्रयोग गरिएको यस खण्डकाव्यमा छन्द भङ्ग भएको अवस्था पनि रहेको छ । सामान्यतः सरल, सुबोध भाषाशैलीको प्रयोग गरिएको छ । तत्सम, तदभव, झर्रा नेपाली र केही आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ भने केही उखान टुक्काहरूको समेत प्रयोग भएको छ । काव्यको नायक मङ्गलमानको नाममा खण्डकाव्यको नाम राखिएको छ । नाम विषयवस्तु अनुकूल उपयुक्त र औचित्यपूर्ण छ ।

उनन्चालिस पृष्ठमा मात्रा छन्दका १९३ वटा श्लोकको आयाम प्राप्त गरेको यस कृतिमा कविको मनमा आफूले भोगेका देखेका सुनेका तत्कालीन बेथिति विकृति र विसङ्गतिप्रतिका अनुभूतिहरूलाई विस्तार गरी काव्यको स्वरूप प्रदान गरिएको छ ।

मङ्गलमान खण्डकाव्यमा नौ वटै रसको प्रयोग गरिएको छ । वीररस प्रारम्भदेखि अन्त्यसम्म नै प्रयोग भएकाले खण्डकाव्यको मुख्य वा अङ्गीरसका रूपमा रहेको छ । करुण, रौद्र, भयानक, बीभत्स, शान्त, हास्य र अद्भुत गरी आठ वटै रसहरू सहायक वा अङ्गरसका रूपमा आएका छन् । यी अङ्गरसहरूले वीर अङ्गीरसलाई परिपाक अवस्थामा पुऱ्याउन सहयोगी भूमिका निर्वाह गरेका छन् । रसको अभिव्यक्तिमा केही स्थानमा बाधा उत्पन्न हुनेगरी रस दोषको अवस्था रहेको छ । केही स्थानमा शब्द दोष, अर्थ दोष र छन्द दोषको अवस्था देखिन्छ । समग्रमा कृति तत्कालीन नेपालको सामन्ती परम्परागत राज्य व्यवस्था र त्यसबाट सिर्जित अन्याय अत्याचार, थिचोमिचो, शोषण र उत्पीडनबाट मुक्तिका लागि सङ्घर्ष गर्ने जनचेतना जगाउने र एकताबद्ध भई अघि बढ्नु पर्छ भन्ने खण्डकाव्यकारको विचार अभिव्यक्तिमा क्रान्तिकारी खण्डकाव्य मङ्गलमान सफल भएको छ ।

**आँसु खण्डकाव्यको सन्देश**

२००४ सालमा रचना गरिएको आँसु खण्डकाव्य लेखनको स्रोत तत्कालीन नेपाली समाज, राष्ट्रिय, अन्तर र्राष्ट्रिय अवस्था हो । चारैतिरको सामन्ती प्रथा, परम्परागत अन्धविश्वासी समाज, शोषण, उत्पीडन, अन्याय, अत्याचार, झुठ, फरेब, जालझेल, तडकभडकले समाजमा मानवीय भावनाको ह्रास हुँदै गएको अवस्थाबाट चिन्तित कविले यस अवस्थाबाट मुक्तिका लागि आँसुलाई विवेच्य विषयका रूपमा लिई अति भएपछि आँसु निस्कने र आँसुबाट मान्छे अन्याय अत्याचार उत्पीडनबाट मुक्तिका लागि विद्रोह वा क्रान्ति गर्न बाध्य हुने र क्रान्तिपछि शान्ति आउने भन्ने आफ्नो दृष्टिकोणलाई आँसु नाम दिई सृष्टिको सम्पूर्ण कुरा आँसुमा अडिएको भन्ने खालका विचार यस कृतिमा प्रस्तुत गरेका छन् । आख्यानहीन कोष काव्यात्मक ढाँचामा स्वच्छन्दतावादी, मानवतावादी भावनाको अभिव्यक्ति भएको छ । केही समीक्षकहरूले प्रगतिवादी स्वर सुसेलिएको भनिए पनि कृतिमा पाप, पुण्य, नर्क, स्वर्ग र भाग्य जस्ता परम्परागत आध्यात्मिक कुराहरू आएकोले प्रगतिवादी दृष्टिकोण नभई मानव समुदायमा व्याप्त शोषण उत्पीडनबाट मुक्तिका लागि आँसु बगाउने र विद्रोह गर्ने कुरा मात्रमा कृति सीमित हुन पुगेको छ ।

कविले आँसुलाई नै क्रान्ति, विद्रोह, शान्ति, प्रेम, करुणा, सिर्जना आदि मानव समुदायका यावत पक्षहरूको स्रोत मानेको पाइन्छ । वर्णनात्मक शैलीमा तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक शब्दहरूको प्रयोग भएको छ । कतिपय श्लोकमा अशिष्ट वा ग्राम्य शब्दहरूको प्रयोग र कतिपय पङ्क्तिहरूमा अनावश्यक शब्दहरू आएकाले अर्थमा

दोष उत्पन्न भएको अवस्था छ । समग्रमा आँसु खण्डकाव्यले अन्याय अत्याचार, दमन, उत्पीडन, भेदभाव आदि कुरहरूलाई आँसुको हतियार प्रयोग गरी हटाउन सकिने वा निर्मूल गर्न सकिने भन्दै क्रान्तिको नयाँ शैलीको रूपमा आँसुलाई अगाडि सारेका छन् । मानवीय भावनायुक्त सभ्य समाज निर्माणका लागि पनि आँसुलाई नै महत्त्वपूर्ण हतियार हो भन्ने कविको ठम्याइ रहेको छ । कविले आँसुलाई क्रान्तिको संवाहकका रूपमा उभ्याउँदै धर्तीलाई स्वच्छ बनाउनु, मानव समुदायलाई शोषणरहित, समतामूलक, विभेद रहित बनाउन, मानवीय जीवनलाई उन्नतशील बनाउन मुक्ति दिने हतियार आँसु हो भन्ने अभिव्यक्ति आएको छ । यसरी प्रतीकात्मक रूपमा विषयवस्तुसँग आँसु शीर्षक सार्थक भएको छ ।

**जुनकिरी खण्डकाव्यको सन्देश**

वि.सं. १९९८ सालमै रचना गरिएको र २०५९ सालमा प्रकाशन भएको सिद्धिचरण श्रेष्ठको जुनकिरी खण्डकाव्य सामाजिक विषयवस्तुमा आधारित शृङ्गाररसप्रधान खण्डकाव्य हो । श्रेष्ठको पाँचौं प्रकाशित खण्डकाव्यका रूपमा रहेको यस खण्डकाव्यमा खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको स्वच्छन्दतावादी प्रवृत्तिमा आधारित जातीय विभेदमुक्त समाजको स्थापना गर्ने प्रगतिशील दृष्टिकोणको अभिव्यक्ति भएको छ ।

नौ उच्छ्वासमा प्रबन्धविधान गरिएको वसन्ततिलका छन्दमा रचिएको यस खण्डाव्यमा कुल ३२० श्लोकहरू रहेका छन् । यो मझ्यौला आयाम ओगटेको खण्डाव्य हो । श्लोक सङ्ख्याका दृष्टिले सर्ग विभाजन कमजोर रहेको छ । यस खण्डकाव्यको मूल विषयवस्तु आत्मीय वा आदर्शप्रेम हो र यसको कथाको स्रोत समाज हो । नायिका प्रधान बनाइएको यस खण्डकाव्यमा जुनकिरी नायिकाका केन्द्रीयतामा कथावस्तु प्रारम्भदेखि अन्त्यसम्म रहेको छ ।

रणवीर लामा जस्ता परम्परागत जातिभेद, उचनिच, धनसम्पत्तिको आधारमा व्यवहार गर्ने सामन्ती चिन्तन बोकेको पात्रका माध्यमबाट आत्मीय प्रेममा वाधा उत्पन्न भएपनि निःस्वार्थ प्रेमको नै विजय हुन्छ भन्ने देखाइएको छ । समाजका जातीय, आर्थिक, सामाजिक, सांस्कृतिक, विकृति, विसङ्गति र परम्परागत रुढिको चित्रण गरी सामाजिक परिवर्तन गर्ने प्रगतिशील विचारको अभिव्यक्ति यस खण्डकाव्यमा भएको छ । विभिन्न अलङ्कारहरूको प्रयोग र काव्यात्मक भाषाको प्रयोगले यो खण्डकाव्य विशिष्ट खण्डकाव्यका कोटिमा पर्दछ ।

यस खण्डकाव्यमा रसविधानको अवस्थाको अध्ययन गर्दा शृङ्गाररस मुख्य रस वा अङ्गीरसका रूपमा रहेको छ र संयोग शृङ्गारको परिपाक भएको छ भने शृङ्गाररसलाई परिपाक अवस्थामा पुऱ्याउनु रौद्र, करुण, बीभत्स र अद्भुत जस्ता अन्य रसहरू सहायक रस वा अङ्गरसका रूपमा आएका छन् । आत्मीय प्रेम, निश्छल प्रेम र आदर्श प्रेमको विजय हुन्छ भन्ने यसको मुख्य ध्वनित विषय हो ।

**भीमसेन थापा खण्डकाव्यको सन्देश**

वि.सं. २०२२ सालमा प्रारम्भ गरी २०४२ सालमा पूर्ण भएको प्रस्तुत भीमसेन थापा खण्डकाव्य खण्डकाव्यकार सिद्धिचरणका प्रकाशित खण्डकाव्यहरूमध्ये छैठौं खण्डकाव्य हो । नेपालको शाहवंशीय शासनकालमा १८६३ देखि १८९४ सम्म मुख्तियार (प्रधानमन्त्री) पदमा रही देशको अनेकौं प्रशासनिक, आर्थिक र सामरिक सुधार, व्यवस्था र नयाँ निर्माण गरेका देशभक्त र राजभक्त भीमसेन थापालाई राजकुमार देवेन्द्रको हत्यामा संलग्न भएको भन्ने झुटो आरोप लगाई पदच्यूत गराई उनका विरोधीहरूले थुनामा राखेका र राजाले मुक्त गरेपछि पनि फेरि सोही मुद्दा ब्युँताई पुनः थुनामा राखी उनको आत्मबल कमजोर बनाउन राजाले उनलाई सजाय स्वरूप श्रीमती भक्त कुमारीलाई नाङ्गै बनाई सहर घुमाउने र उक्त दृश्य भीमसेन थापालाई देखाउने हल्ला फिँजाई उनको कानसम्म पुऱ्याएपछि यस्तो दृश्य देख्न नपरोस् भनी आफू थुनामा रहेको कोठाको झ्यालको सिसा फुटाई आफ्नै घाँटीमा रोपेर आत्महत्या गर्न खोजेको तर नौ दिनसम्म बेहोस् अवस्थामा छट्पटिएर विष्णुमती किनारमा बेवारिसे अवस्थामा छाडिएको मार्मिक र दुखद कथावस्तुलाई खण्डकाव्यको विषयवस्तु बनाई शार्दूलविक्रीडित छन्दमा १३ सर्गका २७० श्लोकमा पूर्ण भएको भीमसेन थापा खण्डकाव्यमा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति ढाँचाको प्रायेग गरिएको छ ।

करुणरस प्रमुख रस रहेको यस खण्डकाव्यमा वीर, बीभत्स, रौद्र, भयानक र शान्तरस अङ्गरसका रूपमा आएका छन् । अन्यायको विरोध गरिएको यस खण्डकाव्यमा देशभक्त व्यक्तित्वको कारुणिक र दुखद अन्त्यको अभिव्यक्ति भएको छ । माधुर्य गुण र प्रसाद गुण तथा वैदर्भी र पाञ्चाली रीतिको नजिकको भाषाशैलीको प्रयोग

गरिएको छ। खण्डकाव्यमा छन्दभङ्गको अवस्था प्रशस्त रहेको छ। उत्प्रेक्षा अलङ्कार, उपमा अलङ्कार, रूपक अलङ्कार र अनुप्रास अलङ्कारको प्रयोग गरिए पनि अन्त्यानुप्रास अलङ्कारको विधान खज्मजिएको छ।

**आत्मबिलौना खण्डकाव्यको सन्देश**

सिद्धिचरण श्रेष्ठको सात दशक लामो जीवनयात्रामा अनेकौँ अनुभूति, अनुभव, सङ्घर्ष, जेल यातना आदिबाट निर्मित पूर्वीय हिन्दु आध्यात्मिक चिन्तनमा आधारित आत्मबिलौना खण्डकाव्य उनका प्रगतिशील र सामाजिक परिवर्तनका कविताहरू र खण्डकाव्यहरूको विषयवस्तु भन्दा भिन्न रूपमा आएको छ। आत्मबिलौना खण्डकाव्य २०४० सालमा रचना गरी श्रेष्ठको मृत्युपछि २०६३ सालमा प्रकाशित भएको सर्गविहीन शिखरिणी छन्दका १२८ श्लोकमा पूर्ण भएको लघु आयामको खण्डकाव्य हो। यस खण्डकाव्यको विषयवस्तु पूर्वीय हिन्दु अध्यात्मवादी चिन्तन हो। कवि सिद्धिचरण श्रेष्ठले यस कृतिमा वैराग्य मूल विषयवस्तुलाई आख्यानहीन रूपमा प्रस्तुत गरेका छन्। ब्रह्मज्ञान, तत्त्वज्ञान र आध्यात्मिक दर्शनबाट जीवनलाई वर्तमानको विषयवासना, मायामोह, लोभ, हत्या, बलात्कार, अपहरण जस्ता अमानवीय र क्षणिक वस्तुबाट अलग गरी परमपद प्राप्तिको सही मार्गमा लगाउने वैराग्यबोध जस्तो गहन विषयलाई प्रस्तुत गरेका छन्। सांसारिकताप्रति अनाशक्त बन्न पुगेका कवि श्रेष्ठ जीवनको क्षणभङ्गुरताबाट विचलित हुँदै वैराग्यचेतलाई विशेष रूपमा यस खण्डकाव्यमा प्रस्तुत गरेका छन्।

सत्र अक्षरको श्रुतिमधुर शास्त्रीय शिखरिणी छन्दको प्रयोग गरिएको छ। उपमा, रूपक, उत्प्रेक्षा र अनुप्रास अलङ्कारको प्रयोगले खण्डकाव्यका कविता विशिष्ट बनेका छन्। छन्द मिलाउन वर्णविन्यासलाई जबर्जस्ती प्रयोग गरिएको अवस्थाबाट छन्द भङ्ग र वर्णविन्यासगत त्रुटिहरू प्रशस्त रहेका छन्। समग्रमा सरल, सुबोध र आकर्षक भाषाशैलीको प्रयोगले खण्डकाव्य विशिष्ट बनेको छ।

वैराग्यबोधलाई मूल विषयवस्तु बनाई लेखिएको आत्मबिलौना खण्डकाव्य शान्तरस प्रधान खण्डकाव्य हो। प्रारम्भदेखि अन्त्यसम्म नै जीवन जगत्का क्षणिकताबाट सिर्जित अवस्थाको चित्रण गर्दै शुद्ध पारमार्थिक र वैराग्यपूर्ण जीवन बिताउन आग्रह गरिएको यस कृतिमा अङ्गीरस बनेको शान्तरसलाई परिपाक अवस्थामा पुऱ्याउन केही श्लोकहरूमा बीभत्स, वीर, भयानक, शृङ्गार र करुणरस सहायक वा अङ्गरसको रूपमा आएका छन्।

**कान्तिमती खण्डकाव्यको सन्देश**

वि.सं.२००४ सालमा रचना भई २०७२ सालमा प्रकाशित कान्तिमती खण्डकाव्य श्रेष्ठको आठौँ खण्डकाव्य हो। ऐतिहासिक विषयवस्तु र ऐतिहासिक नारीपात्रलाई नायक बनाई लेखिएको करुणरसमा आधारित कान्तिमती खण्डकाव्य ८७ पृष्ठ र ७७ पङ्क्तिपुञ्जको आयाममा संरचित छ। खण्डकाव्यकी नायिका कान्तिमतीकै नामबाट खण्डकाव्यको नामकरण गरिएको छ। खण्डकाव्यको प्रारम्भदेखि अन्त्यसम्म नै कान्तिमतीकै केन्द्रीयतामा घटनाक्रमको प्रस्तुति रहेकाले शीर्षक विषयवस्तु अनुकूल छ। विषम मात्रा छन्दमा करुणरस अङ्गीरस र वीर, शान्त, रौद्र, भयानक र अद्भुतरस सहायकरस वा अङ्गरसका रूपमा प्रयोग गरी मिथिलाकी किशोरी कान्तिमती कान्तिपुरीमा आएपछि तत्कालीन राजा रणबहादुर शाहसँग प्रेमबन्धनमा बाँधिई कान्तिपुरकी रानी बन्न पुगेकी र दुवैका बिच भेट भएपछि विवाह र अन्य पारिवारिक घटनाहरू नरहेको र नाटकीय शैलीमा बिरामी परेको अवस्थादेखि मृत्युसम्मको अवस्थालाई जोडेर खण्डकाव्य समाप्त भएको छ।

कान्तिमती खण्डकाव्यको भाषा सामान्य, सरल र काव्यात्मक छ। शैली नवीन श्लोक संरचनामुक्त पङ्क्तिपुञ्जको संरचनामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ। उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति र अनुप्रास अलङ्कारको प्रयोगले खण्डकाव्यको भाषा विशिष्ट बनेको छ। कृतिमा वर्णविन्यासगत शब्द प्रयोगगत र छन्द विधानगत त्रुटिहरू प्रशस्त रहेका छन्। तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक शब्दको प्रयोग गरिएको छ। कतिपय पङ्क्तिपुञ्जले काव्यात्मक उचाइ प्राप्त गरेका छन्। प्रस्तुत कृतिले मिथिला र कान्तिपुरको कला संस्कृति, प्रकृति, मानवीय भावना, प्रेमप्रणय र राष्ट्रप्रेम वैचारिक अभिव्यक्तिका रूपमा आएका छन्।

**युद्ध र शान्ति खण्डकाव्यको सन्देश**

वि.सं. २००९ सालमा रचना गरिएको युद्ध र शान्ति खण्डकाव्य तत्कालीन विश्वयुद्ध र नेपालमा राणाशासन विरोधी आन्दोलनबाट प्रजातन्त्र प्राप्तिको प्रारम्भिक अवस्थमा कवि सिद्धिचरण श्रेष्ठले नेपालबाट आर्थिक उपार्जनका

लागि विदेश जाने क्रम रोकिनु पर्ने, युद्ध बन्द हुनुपर्ने, देशमै विकासको सम्भावना खोज्नुपर्ने र विकास निर्माणबाट आर्थिक उपार्जन गरी शान्ति स्थापना गर्नुपर्ने उच्च मानवतावादी र देशभक्ति विचारलाई प्रस्तुत गरेका छन् ।

सात सर्गमा कूल ९६ पृष्ठमध्ये ६६ पृष्ठमा युद्ध र शान्ति शीर्षकमा नेपाली सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । लोकलयमा संरचित प्रस्तुत खण्डकाव्य मध्यम आयामको खण्डकाव्य हो । श्रेष्ठको स्वच्छन्दतावादी, मानवतावादी काव्य प्रवृत्तिको उपजका रूपमा रहेको यस कृतिले नेपालको आर्थिक विपन्नता, गरिबीबाट राहत पाउन विदेशी सेनामा भर्ती हुनुपर्ने र युद्ध मैदानमा होमिई जीवन गुमाउनु पर्ने अवस्थाको मार्मिक अभिव्यक्तिबाट मानवताविरोधी, शान्तिविरोधी युद्धको अन्त्य हुनुपर्ने र शान्ति तथा मानवीय अवस्थाको चित्रण गरिएको छ । शान्ति स्थापना हुनुपर्ने विचार सम्प्रेषणका लागि नेपालको पश्चिमाञ्चल पहाडी जिल्लाको गरिब कान्छा कान्छीको परिवार लाई आधार बनाई उनीहरूको पारिवारिक जीवन, आर्थिक अवस्था, दुखसुख, सङ्घर्षको कथा आएको छ । कान्छाको विदेश पलायन, दुवैको विछोडको अभिव्यक्ति, विदेश हिँडेको कान्छाको देशभक्तिको भावना, युद्ध र युद्धमा कान्छाको मृत्यु, घरमा खबर आएपछि कान्छीको कारुणिक अवस्थाबाट कविले आफ्नो सम्प्रेष्य विचारलाई सातौँ सर्गमा युद्धको अन्त्य, देशमै विकासको सिर्जना, शान्ति र मानवाधिकारको स्थापनामा लाग्ने कान्छी र कान्छीको छोराको प्रतिबद्धताबाट पूर्ण भएको छ ।

कृतिमा काव्यात्मक भाषा, आलङ्कारिक बिम्बात्मक र प्रतीकात्मक भाषाको प्रयोग गरिएको छ । अनुकरणात्मक शब्दहरू, तत्सम, तद्भव र आगन्तुक शब्दहरूसमेतको प्रयोगको विविधता भए पनि कृतिमा सरल लोकलयमा पनि छन्द भङ्गको अवस्था रहेको छ । वर्णविन्यासगत शब्द चयनगत कमजोरीले कतिपय स्थानमा भाषा कमजोर बन्न पुगेको छ ।

प्रारम्भमा देखिएको शृङ्गाररसले करुणरसलाई प्रादुर्भाव गर्न विकसित गर्न सहयोग पुऱ्याएको छ । अतः शृङ्गाररस अङ्गरसको रूपमा रहेको छ । यसैगरी भयानकरस र अद्भुतरस पनि खण्डकाव्यमा अङ्गरसका रूपमा आएका छन् र अङ्गीरसलाई परिपाक अवस्थामा पुऱ्याई रसरूपमा आस्वाध्य बनाउन सहयोग गरेका छन् । करुणरसका केन्द्रीयतामा खण्डकाव्य सफल रहेको छ ।

**निष्कर्ष**

सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादी काव्यधाराका कवि भएकाले उनका खण्डकाव्यहरूमा स्वतस्फूर्त अभिव्यक्ति शैली, निम्नवर्गप्रतिको सहानुभूति, प्रकृतिमो मन्मय चित्रण, मानवतावादी दृष्टिकोण र देशभक्तिको भावना प्रमुख खण्डकाव्यात्मक प्रवृत्ति हुन् । यिनै प्रवृत्तिमा आधारित भएर सिद्धिचरण श्रेष्ठले रचना गरेका नौ वटा खण्डकाव्यहरूमध्ये उर्वशी (२०१७) पहिलो र युद्ध र शान्ति (२०७४) प्रकाशित अन्तिम खण्डकाव्य हो । उर्वशी र जुनकिरी शृङ्गाररस प्रधान खण्डकाव्य हुन् । मङ्गलमान र आँसु खण्डकाव्य वीररस प्रधान हुन् । ज्यानमारा शैल, भीमसेन थापा, कान्तिमती र युद्ध र शान्ति करुणरस प्रधान खण्डकाव्य हुन् । श्रेष्ठले पौराणिक, ऐतिहासिक एवं सामाजिक विषयवस्तुमा उपर्युक्त खण्डकाव्यहरूको रचना गरेका छन् । १९९७ देखि २०४२ सालसम्म ४५ वर्षको खण्डकाव्ययात्रामा लेखिएका नौ वटा खण्डकाव्यहरू तत्कालीन नेपाली समाजका बेथिति, विसङ्गति, खराबीको यथार्थापरक चित्रणका साथ सामाजिक परिवर्तन र न्यापूर्ण समाजको स्थापनामा बढी केन्द्रित छन् । उर्वशीले क्षणिकता क्षणिक नै हुन्छ र यस्तोका पछि लाग्नु हुँदैन भन्ने अर्जुनका माध्यमबाट सन्देश दिँदै कर्तव्यपथमा लागिरहने उल्लेख गरेका छन् भने युद्ध र शान्तिले देशभित्रै रोजगारी सिर्जना गर्न र युवा विदेश पलायन हुनबाट रोक्ने सन्देश दिएको छ ।

**सन्दर्भसामग्रीसूची**

उपाध्याय, केशव प्रसाद (२०६१), पूर्वीय साहित्य सिद्धान्त चौ.सं., काठमाडौँ : साझा प्रकाशन ।

उप्रेती, गङ्गा प्रसाद (२०४६), दृष्टिकोणका विविध बिसौनी, काठमाडौँ : प्रतिभा प्रकाशन ।

तिमिल्सिना, हरि प्रसाद (२०६८), केही टिप्पणी केही समालोचना, नेपालगन्ज : भेरी साहित्य समाज ।

त्रिपाठी, वासुदेव र अन्य सम्पा. (२०७२), नेपाली बृहत शब्दकोश, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र श्रेष्ठ दयाराम (२०५६), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (पाँ.सं.), काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, सिद्धिचरण (२०४५), सिद्धिचरणका प्रतिनिधि कविता, काठमाडौँ : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, सिद्धिचरण (२०५०), आँसु, काठमाडौँ : साझा प्रकाशन, २०५० ।
श्रेष्ठ, सिद्धिचरण (२०५८), उर्वशी (सातौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।
श्रेष्ठ सिद्धिचरण (२०५९), जुनकिरी, काठमाडौँ : साझा प्रकाशन ।
श्रेष्ठ सिद्धिचरण (२०६०), भीमसेन थापा, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
श्रेष्ठ, सिद्धिचरण (२०६३), आत्मबिलौना, काठमाडौँ : युगकवि सिद्धिचरण प्रतिष्ठान ।
श्रेष्ठ, सिद्धिचरण (२०६७), मङ्गलमान (दोस्रो संस्क.), काठमाडौँः लक्ष्मी पुस्तक भण्डार ।
श्रेष्ठ, सिद्धिचरण (२०७२), कान्तिमति, काठमाडौँ : युगकवि सिद्धिचरण प्रतिष्ठान ।
श्रेष्ठ, सिद्धिचरण (२०७४), युद्ध र शान्ति, काठमाडौँ : युगकवि सिद्धिचरण प्रतिष्ठान ।
श्रेष्ठ, ईश्वर कुमार (२०५४), पूर्वी एवं पाश्चात्य साहित्य समालोचना र प्रमुख मान्यता र प्रणाली, काठमाडौँ : साझा प्रकाशन ।